सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २२१ ♦ २०८३ साल वैशाख ४ शुक्रवार ♦ 17 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

## जलवायु परिवर्तनको मार: मधेसमा चर्किंदो खानेपानी संकट

अजयकुमार साह

**वैशाख ३ गते, बर्दिवास**



मधेस प्रदेशमा पछिल्ला वर्षहरूमा देखिएको जलवायु परिवर्तनको असरले खानेपानीको अभाव गम्भीर बन्दै गएको छ। महोत्तरीको उत्तरी भेगमा चैत नसकिँदै खानेपानीको संकट देखिन थालेको छ। हिउँदे वर्षा घट्नु, अत्यधिक गर्मी बढ्नु तथा प्राकृतिक स्रोतहरूको अव्यवस्थित दोहनका कारण यहाँका नदी, खोल्साखोल्सी र भूमिगत पानीका स्रोतहरू सुक्दै जाँदा स्थानीयवासी काकाकुल बन्न थालेका छन्।

एक डेढ दशक अघि सम्म बर्दिबास नजिकैको रातु नदीमा पौडी खेल्ने गरेको सम्झिँदै स्थानीय शंकर बहादु थापा भन्नुहुन्छ, "पहिले खोलामा कञ्चन पानी बग्थ्यो, वरपरका जरुवा मुहानले सिँचाइ धान्थे। अहिले त्यो अवस्था कथा जस्तै भएको छ।" थापाको भनाई अनुसार अहिले नदीमा जथाभावी उत्खननका कारण गहिरिँदै गएको छ भने पानीको सतह घट्दै गएको छ।

जिल्ला समन्वय समिति महोत्तरीका संयोजक सुमनलाल कर्णका अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन (भ्क्ष्ब) विपरीत नदीजन्य पदार्थको उत्खनन भइरहेको पाइएको छ। "स्थानीय अनुगमन संयन्त्र भए पनि प्रभावकारी रूपमा सक्रिय देखिँदैनन्," उहाँले बताउनुभयो ।

चुरे विज्ञ नागदेव यादवका अनुसार चुरे क्षेत्रको वन विनाश, अतिक्रमण र अनियन्त्रित दोहनले पानी पुनर्भरण प्रणाली नै बिग्रिएको छ। चुरेलाई प्राकृतिक जलभण्डार मानिन्छ, तर यसको क्षयले मधेसका नदी-खोला सुक्दै गएका छन्। साथै, क्रसर उद्योग र ठेकेदारहरूको मिलेमतोमा भइरहेको अवैध उत्खननले भूमिगत पानीको सतह झनै तल धकेलिएको छ।

महोत्तरीको उत्तरी क्षेत्रमा पर्ने गौशाला, बर्दिबास र भङ्गाहा नगरपालिकाका बस्तीहरूमा चैत नसकिँदै खानेपानीको संकट देखिन थालेको छ। बर्दिबास-१० का हरिबहादुर बलम्पाकीका अनुसार "पहिले चैतसम्म मुहान सुक्दैनथे, अहिले त समयभन्दा अगावै पानी अभाव हुन थालेको छ।"

बर्दिवास- गौशाला क्षेत्रका स्थानीयवासीहरूका अनुसार यस वर्ष हिउँदे वर्षा लगभग नभएकाले इनार र चापाकलमा पानीको सतह गहिरिएको छ। गौशाला १२ का माधव मोक्तान भन्नुहुन्छ, "ढिलो पानी परेकाले मुहान रसाउन पाएको छैन, जसले पानीको समस्या झन् बढाएको छ।"

गर्मी बढेसँगै खानेपानी व्यवस्थापनमा चुनौती थपिएको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष भुलन सेन ठकुरी स्वीकार गर्नुहुन्छ। "मुहानमा पानी घटेपछि ट्याङ्की भरिन समय लाग्छ, जसले वितरणमा समस्या देखिन्छ," उहाँले भन्नुभयो ।

पछिल्लो डेढ दशकमा मधेसका

*बाँकी पृष्ठ ३ मा*

## महोत्तरीमा सुर्ती फर्ममा आगजनी

खबर दर्पण समाचारदाता

**वैशाख ३ गते, बर्दिवास**

महोत्तरीको बलवा नगरपालिका-७ बनौटामा अज्ञात समूहले सुर्ती फर्ममा आगजनी गर्दा करिब २० लाख रुपैयाँ बराबरको क्षति भएको छ।

बुधबार मध्यराति दिपेन्द्र महतो र हरिचरण महतोले खेतबाट ल्याएर सुकाउन राखेका छुट्टाछुट्टै



तीनवटा सुर्ती फर्ममा आगो

*बाँकी पृष्ठ ३ मा*

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



कोमल होटेल, ढल्केवर धनुषा

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | खबरपत्रिका शिरीष साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# मधेस प्रदेशमा भूतपूर्व सैनिक सम्मेलन : सेनामा सेवा गर्न प्रेरित गर्ने अभिभावक सम्मानित



**खबर दर्पण समाचारदाता**

**वैशाख ३ गते, बर्दिवास**

"सैनिक पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन" भन्ने मूल सन्देशका साथ मधेस प्रदेशका जिल्लाहरूमा 'भूतपूर्व सैनिक सम्मेलन-२०८२' सम्पन्न भएको छ ।

नेपाली सेनाको मध्य पूर्वी पृतनाको जिम्मेवारी क्षेत्रअन्तर्गत बिहीबार आयोजित मुख्य सम्मेलनको प्रधान सेनापति अशोकराज सिग्देलले बर्दिबासमा उद्घाटन गर्नुभयो ।

बर्दिबासस्थित मुख्य सम्मेलन केन्द्र र अन्य दुई उपकेन्द्रहरूमा ज्येष्ठ अधिकृतहरूको प्रमुख आतिथ्यमा सञ्चालन भएको सम्मेलनमा यस क्षेत्रमा बसोबास गर्ने करिब दुई हजार ५०० अवकाशप्राप्त सैनिक तथा उनीहरूका परिवारजनको उपस्थिति थियो ।

नेपाली सेना कल्याणकारी बोर्डको समन्वय तथा संयोजकत्वमा सञ्चालन भएको उक्त कार्यक्रममा ज्येष्ठ भूतपूर्व सैनिक, ज्येष्ठ एकल महिला र आफ्ना चार सन्तानलाई नेपाली सेनामा सेवा गर्न प्रेरित गर्ने एक अभिभावकलाई सम्मान गरिएको छ ।

यस्तै, कार्यक्रममा सर्वोत्कृष्ट र उत्कृष्ट उद्यमीहरूलाई प्रशंसा-पत्र एवं पुरस्कार वितरण गरिएको थियो भने फरक क्षमता भएका तथा अशक्त आठजना भूतपूर्व सैनिकहरूलाई ह्विल चियर तथा बैसाखी प्रदान गरिएको जङ्गी अड्डाले जनाएको छ ।

सेनाले यस प्रकारको कार्यक्रमबाट सेवारत र अवकाशप्राप्त सैनिकहरूबीचको सम्बन्ध प्रगाढ हुने तथा कल्याणकारी कोषमार्फत हिताधिकारीहरूलाई शिक्षा, स्वास्थ्य, सहुलियत र स्वरोजगारका क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्न मद्दत पुग्ने विश्वास लिएको छ ।


आर्थिक वर्ष २०८२/०८३ को सम्मेलनअन्तर्गत मध्य पूर्वी पृतना मातहतका हिमाली तथा पहाडी जिल्लाहरूमा आगामी वैशाख ५ गते यस्तै कार्यक्रम आयोजना हुने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

व्यक्तिगत घटना दर्ता सप्ताह

२०८३ साल बैशाख १ देखि ७ गतेसम्म

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

मटिहानी नगरपालिका, महोत्तरी




## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# जलवायु परिवर्तनको मार...............

धेरै बस्तीमा पानीका परम्परागत स्रोत–इनार, जरुवा, पोखरी–सुक्दै गएका छन्। नदी तथा खोल्साखोल्सीको पानी सङ्कलन गरेर वितरण गर्ने प्रणालीमा निर्भर बस्तीहरू गर्मीयाममा झनै प्रभावित हुने गरेका छन्।

गत वर्ष कतिपय गाउँमा पानीको चरम अभाव भएपछि ट्याङ्कर मार्फत पानी आपूर्ति गर्नुपरेको थियो।

विज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण वर्षा चक्र अनियमित हुँदै गएको छ भने तापक्रम वृद्धि हुँदा पानीका स्रोत चाँडै सुक्ने प्रवृत्ति बढेको छ। महोत्तरीको भंगहा निवासी चुरे तथा जलाधार विषयमा विधावारिधी गर्नुभएका डा. विजयकुमार सिंह भन्नुहुन्छ, "मधेसको पानीको मुख्य स्रोत चुरे नै हो, यसको संरक्षणबिना समस्या समाधान सम्भव छैन।" डा सिंहका अनुसार चुरे, वन क्षेत्र र जलाधार संरक्षण, पुनर्भरण पोखरी निर्माण तथा नदी व्यवस्थापनमा तीनै तहका सरकारबीच समन्वय आवश्यक छ। स्थानीय तहले स्पष्ट नीति र प्रभावकारी कार्यान्वयन नगरेसम्म समस्या झनै जटिल बन्ने चेतावनी विज्ञहरूको छ।

मधेस प्रदेशमा वन क्षेत्र सीमित हुँदै गएको र व्यापक अतिक्रमण भइरहेकाले पनि पानी संकट गहिरिँदै गएको छ। वन तथा वातावरण मन्त्रालयका तथ्यांकअनुसार हजारौं हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ, जसले जलचक्रमा प्रत्यक्ष असर पारिरहेको छ।

मधेसको कुल क्षेत्रफल मध्ये २४.७८ प्रतिशत मात्र वन क्षेत्रले ओगटेको छ भने अधिकांश वन चुरे क्षेत्रमै छन् ।मधेसमा चुरे अतिक्रमण अचाक्ली छ । प्रदेशका १३६ पालिकाहरू मध्ये ८४ वटा स्थानीय तहमा वन क्षेत्र नै छैन । मधेस सरकारको वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको तथ्यांकले वन अतिक्रमणको भयावह चित्र देखाउँछ । आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकअनुसार मधेसको ५ हजार ६९२.१५ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ । यसमध्ये सबैभन्दा बढी रौतहटमा ३ हजार १९०.५२ हेक्टर अतिक्रमणमा परेको मन्त्रालयले जनाएको छ । मधेसका १३६ वटै पालिका वनमा आश्रित भए पनि सबै पालिकामा वन छैन । सप्तरीका १८ मध्ये ८ पालिकामा वन क्षेत्र छ भने सिरहाका १७ मध्ये ११, धनुषाका १८ मध्ये ४, महोत्तरीका १५ मध्ये २, सर्लाहीका २० मध्ये ७, रौतहटका १८ मध्ये ५, बाराका १६ मध्ये ३ र पर्साका १४ मध्ये ७ वटा पालिकामा मात्र वन छन् ।

सामुदायिक वन उपभोक्ता महासंघ मधेस प्रदेशका अध्यक्ष सोम प्रसाद शर्माका अनुसार सरकारले वनलाई आर्थिक विकासका मेरुदण्ड मानिने कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधार स्तम्भका रूपमा लिए पनि व्यावहारिक कार्यान्वयन गर्न नसक्दा समस्या विकराल बन्दै गएको छ । उहाँले भन्नुभयो, "मधेसका कतिपय जिल्लामा पानीकै क्षेत्रमा काम गर्ने भू तथा जलाधार व्यवस्थापन कार्यालयलगायत कैयौं निकाय छन् । तर, ती निकायले प्रभावकारी काम गर्न नसक्दा समस्या थप जटिल बन्दै गएको छ।"

सामुदायिक वन उपभोक्ता महासंघ महोत्तरीका अध्यक्ष कुमार घिमिरेका अनुसार "वन विनाश र अवैध उत्खनन नियन्त्रण गर्न सके तथा जलाधार क्षेत्रमा संरक्षणका काम अघि बढाए पानीको समस्या धेरै हदसम्म समाधान हुन सक्छ।"

जलवायु परिवर्तन, प्राकृतिक स्रोतको दोहन र कमजोर व्यवस्थापनको संयुक्त प्रभावका कारण मधेसमा खानेपानी संकट अब मौसमी मात्र नभई दीर्घकालीन चुनौतीका रूपमा देखिन थालेको छ। विशेषज्ञहरूले समयमै प्रभावकारी नीति, संरक्षण र दिगो व्यवस्थापनमा ध्यान नदिए भविष्यमा अवस्था झन् भयावह बन्न सक्ने चेतावनी दिएका छन्।

चुरे क्षेत्र र यहाँका जलाधार क्षेत्रको संरक्षण तथा नदीमा हुने अनियन्त्रित दोहन नियन्त्रणको नेतृत्व स्थानीय तहले नलिएसम्म समस्या झन्झन् बढ्दै जाने चुरेविज्ञ डा विजय सिंहको भनाइ छ ।

# महोत्तरीमा सुर्ती.....

लगाइएको प्रहरीले जनाएको छ। आगलागीबाट दिपेन्द्र महतोको करिब १० लाख रुपैयाँ बराबरको सुर्ती फर्म तथा करिब ५ लाख रुपैयाँ बराबरको तयारी अवस्थामा रहेको सुर्ती जलेर नष्ट भएको छ। त्यस्तै, हरिचरण महतोको करिब ५ लाख रुपैयाँ बराबरको सुर्तीसमेत जलेर क्षति पुगेको छ।

स्थानीय बासिन्दा, प्रहरी र दमकलको संयुक्त प्रयासमा करिब दुई घण्टापछि आगो नियन्त्रणमा लिइएको थियो।

पीडित दुवै किसानले करिब एक बिघा जमिनमा सुर्ती खेती गरेका थिए। बजारमा बिक्रीका लागि तयारी अवस्थामा रहेको सुर्ती आगलागीबाट नष्ट भएपछि आम्दानी लिनै लागेको समयमा ठूलो आर्थिक क्षति व्यहोर्नुपरेको उनीहरूले बताएका छन्।

पीडित किसानहरूले क्षतिपूर्ति उपलब्ध गराइदिन स्थानीय सरकार संग माग गरेका छन् । उनिहरुले बलवा नगरपालिकाका मेयर विजय महतोसँग किसानको मर्का बुझेर क्षतिपूर्ति उपलब्ध गराइ दिन अनुरोध गरेका छन् ।

प्रहरीले घटनाको कारण तथा संलग्न व्यक्तिको खोजीका लागि अनुसन्धान सुरु गरेको जनाएको छ।

# महोत्तरी विपद्......

जिल्ला तयारी तथा प्रतिकार्य योजना (म्एच्ए) अद्यावधिक गर्न र तौली युवा क्लबलाई जिल्ला प्रमुख संस्था (मिब) तोकिएको छ। उक्त योजना २०८३ असार मसान्तभित्र तयार गरी सार्वजनिक गर्ने लक्ष्य राखिएको छ।

बैठकले मनसुन प्रतिकार्य योजना निर्माण, विपद् सामग्रीको अद्यावधिक विवरण संकलन, आवश्यक सामग्रीको सूची तयार गर्ने र प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्ने निर्णयसमेत गरेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्देशनअनुसार खुला क्षेत्र, हेलिप्याड, गोदामघर, एम्बुलेन्स लगायतका विवरण तीन दिनभित्र अद्यावधिक गर्ने, आपत्कालीन सम्पर्क बोर्ड राख्ने, स्वयंसेवक विवरण प्रणालीमा प्रविष्ट गर्ने तथा जोखिमयुक्त सडकको पहिचान गर्ने निर्णयसमेत गरिएको छ।

समितिले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन पूर्वतयारी, समन्वय र तत्काल प्रतिकार्य क्षमतालाई अझ सुदृढ बनाउनुपर्ने निष्कर्षसमेत निकालेको छ।

आयुर्वेद हाम्रो परम्परागत चिकित्सा प्रणाली हो जसले प्राकृतिक तरिकाले स्वास्थ्य जोगाउन र रोगबाट बच्न मद्दत गर्छ । यो एक प्राचीन अभ्यास हो। यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ।

**आयुर्वेदका मुख्य सिद्धान्त**

शरीर तीन दोष (वात, पित्त, कफ) बाट बनेको हुन्छ
यी दोषहरूको सन्तुलन बिग्रिँदा रोग लाग्छ
प्राकृतिक औषधि र जीवनशैली सुधारबाट उपचार सम्भव हुन्छ

**आयुर्वेदका फाइदाहरू**

प्राकृतिक र साइड इफेक्ट कम हुने उपचार
रोग लाग्नुभन्दा पहिले नै रोकथाममा सहयोग
पाचन प्रणाली सुधार
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
आफैंले औषधि प्रयोग नगर्नुहोस्, विशेषज्ञको सल्लाह लिनुहोस्
जडीबुटीको सही मात्रा र प्रयोग विधि जान्नु आवश्यक छ
स्वच्छता र सन्तुलित आहार अत्यन्त महत्वपूर्ण छन्
आधुनिक चिकित्सा र आयुर्वेद दुवैको सन्तुलित प्रयोग गर्नु राम्रो हुन्छ
"प्रकृतिसँग नजिक रहौं, आयुर्वेद अपनाऔं, स्वस्थ जीवन बिताऔं।"

अनुरोधकर्ता :
जनकपुरधाम उपमहानगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश


व्यक्तिगत घटना दर्ता सप्ताह
२०८३ साल बैशाख १ देखि ७ गतेसम्म
जन्म दर्ता किन गर्ने ?




माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न
गौशाला नगरपालिका, महोत्तरी

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पूर्व वडाध्यक्ष महतो मृत फेला

खबर दर्पण समाचारदाता
**वैशाख ३ गते, महेन्द्रनगर**



धनुषाको सबैला नगरपालिका-१२ का पूर्व वडाध्यक्ष प्रदिप महतो मृत अवस्थामा फेला परेका छन्।

इलाका प्रहरी कार्यालय सबैलाका अनुसार गणेशमान चारनाथ नगरपालिका-९ स्थित कमला सिँचाइ आयोजनाको पूर्वी नहरअन्तर्गत तीन नम्बर पुलमा उनको शव बुधबार र ाति करिब ११ बजे फेला परेको हो।

प्रहरीले घटनास्थलबाट १०/१२ वटा बियरलगायत अन्य मादक पदार्थका खाली बोतल बरामद गरेको जनाएको छ। प्रारम्भिक अनुमानअनुसार मृतकसहित आठ/नौ जनाको समूहले सामूहिक रूपमा मदिरा सेवन गरेको हुन सक्ने देखिएको छ।

इलाका प्रहरी कार्यालय सबैलाका प्रहरी निरीक्षक विजय दत्तले मृत्युको ठोस कारण हालसम्म खुल्न नसकेको जानकारी दिँदै विस्तृत अनुसन्धान तथा शव परीक्षणपछि मात्रै वास्तविकता बाहिर आउने बताए। शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको उनले बताए। घटनास्थलमा महतोसँगै रहेका भनिएका व्यक्तिहरू फरार रहेको प्रहरीले जनाएको छ। उनीहरूको पहिचान गरी खोजी कार्य तीव्र बनाइएको छ। साथै, प्रहरीलाई प्रारम्भिक सूचना दिने व्यक्ति पनि सम्पर्कविहीन रहेको जनाइएको छ।

महतो २०७४ सालको स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)बाट सबैला नगरपालिका-१२ को वडाध्यक्षमा निर्वाचित भएका थिए।

# महोत्तरी विपद् समितिका ११ महत्वपूर्ण निर्णय

खबर दर्पण समाचारदाता
**वैशाख ३ गते, बर्दिवास**

जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीको बैठकले मनसुन पूर्वतयारी, नदी नियन्त्रण, पूर्वाधार सुरक्षा र अन्तरनिकाय समन्वयलाई केन्द्रमा राख्दै ११ बुँदे महत्वपूर्ण निर्णय गरेको छ।

बिहीबार बसेको बैठकले र ामगोपालपुर नगरपालिका-५ मा र हेको सरकारी कित्ता नम्बर ८१ (एक बिघा) जग्गा आधारभूत अस्पताल निर्माणका लागि प्रयोग गर्न सकिने ठहर गर्दै उक्त जग्गा विपद् प्रयोजनका लागि आवश्यक नपर्ने निर्णय गरेको छ। सो जग्गा उपयोगका लागि 'सरकारी जग्गा उपयोग तथा लिज कार्यविधि, २०७९' अनुसार प्रक्रिया अघि बढाइने जनाइएको छ।

रातु नदी क्षेत्रमा तटबन्ध अभावका कारण उच्च जोखिम देखिएकाले उत्तर-दक्षिण दुबै क्षेत्रमा तटबन्ध निर्माणका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरिएको छ। साथै बाढी नियन्त्रण र नदी व्यवस्थापनका लागि संघीय तहमा बजेट सिफारिस गर्ने निर्णय पनि गरिएको छ।

कमला-ढल्केबर-पथलैया सडक (पूर्वी खण्ड) अन्तर्गत पुल आसपास नदीजन्य पदार्थ थुप्रिँदा पानी निकास अवरुद्ध भई जोखिम बढेको निष्कर्ष निकाल्दै विस्तृत वातावरणीय अध्ययन (क्ष्भ्म्) गरी अवरोध हटाउने प्रक्रिया अघि बढाइने भएको छ। सडक विस्तारसँग सम्बन्धित रुख कटान, विद्युत् पोल स्थानान्तरण र माटो आपूर्तिमा स्थानीय तह तथा वन कार्यालयले सहजीकरण गर्ने निर्णय पनि गरिएको छ।

बैठकले विपद् जोखिममा रहेका घरधुरीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने प्रक्रिया अघि बढाउने, विद्यालयमार्फत पूर्वसूचना र सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा नियमित कृत्रिम घटना अभ्यास गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ।

यसैगरी, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार माध्यम र नागरिक समाजबीच समन्वय सुदृढ गर्दै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। विपद् व्यवस्थापन कोषमा हाल २ करोड ४४ लाख रुपैयाँभन्दा बढी मौज्दात रहेको जानकारी दिइएको छ भने आवश्यक सामग्री आपूर्तिका लागि विभिन्न निकायसँग सहकार्य गर्ने निर्णय पनि भएको छ।

*बाँकी पृष्ठ ३ मा*


## व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

**औरही नगरपालिका, महोत्तरी**


नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६७।११।२६ मा दर्ता भएको प्रा.लि.नं.८१३३७ भएको रेडियण्ट इन्भेष्टमेन्ट कम्पनी (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८२।१२।३० निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।


योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**योगका फाइदाहरू**

शारीरिक स्वास्थ्य सुधारः शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्तिः तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,